नेपाल गजेट

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १३] काठमाडौं, श्रावण २१ गते २०२० साल [संख्या १७

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

मन्त्रिपरिषद्का श्रीमाननीय उपाध्यक्ष, मन्त्री, सहायक–मन्त्रीहरूको मोटरमा र निवासस्थानमा राष्ट्रिय झण्डा राख्नेसम्बेतबारेमा निम्नलिखितानुसार गर्ने मिति ०२०।१।९ मा श्री ५ को सरकारले निर्णय गरेको छ ।

(१) श्री माननीय उपाध्यक्ष तथा मन्त्रीहरूको सवारी मोटरमा र निवासस्थानमा राष्ट्रिय झण्डा राख्ने ।

(२) श्री माननीय सहायक मन्त्रीहरूको सवारी मोटरमासम्म राजकीय समारोहको बखत राष्ट्रिय झण्डा राख्ने ।

(३) गार्ड रहने ।

(४) ब्याण्डबाट सलामी लिने नगन ।

मिति ०१६।७।२ को नेपाल गजेटमा प्रकाशित यस मन्त्रालयको तत् सम्बन्धित सूचना खारेज गरिएको छ ।

आज्ञाले–
मे.ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

मिति ०१९।१२।११ को अतिरिक्तांक ३८ को नेपाल गजेट भाग ४ मा प्रकाशित यस मन्त्रालयको सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिनेबारेको सूचनाको दफा २ को खण्ड (ण) को "र हरेक शुक्रवार दिनको १ बजे छुट्टी दिने" भन्ने शब्दको सट्टा श्री ५ को सरकारले देहायको (ण) राखी संशोधन गरेको छः–

(ण) स्कूल, कलेज र विश्वविद्यालयसमेतलाई हरेक शुक्रवार दिन १ बजे र संस्कृत पाठशाला र महाविद्यालयहरूलाई पूर्णिमा र अमावाष्याको दिन १ बजे बिदा दिने।

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।